# अनुसूची- २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ४ प्रमाणिकरण मितिः२०८०/०६/३० प्रकाशन मितिः२०८०/०६/३०

## भाग - २

भजनी नगरपालिका आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यविधि, २०७६ (पहिलो संशोधन, २०८०)

(१) कार्यविधिको दफा नं.३ को (१) मा रहेको

" नगरबासी कुनै ठुलो दुर्घटनामा परी अंगभंग हुन् गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक श्रोत नभएको अवस्थाका व्यक्तिलाई अवस्था हेरी एक पटकमा ५ हजार देखी १० हजार सम्म उपलब्ध गराउन सकिनेछ " भन्ने वाक्यांशको सट्टा " नगरबासी मध्ये कुनै व्यक्ति ठुलो दुर्घटनामा परी अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी तथा विपन्नताका कारण उपचार गराउन कठिनाई भएको अवस्थाका व्यक्ति वा निजको अभिभावक वा संरक्षकलाई नगर प्रमुखको तोक आदेशमा रु. ५ हजार सम्म सहयोग प्रदान गर्न सकिनेछ ।" भन्ने वाक्यांश राखिएको छ |

(२) कार्यविधिको दफा नं.३ को (१) पछि देहायको १ (क) थपिएको छ :-

आर्थिक सहायता प्रदान गर्दा एउटै व्यक्तिलाई बर्षमा एक पटक भन्दा बढी प्रदान गरिने छैन |

(३) कार्यविधिको दफा नं.३ को (२) मा रहेको

" नगरबासिहरु मध्ये (किडनी फेल तथा डैग्नोसिस गर्नुपर्ने अवस्था, मुटु उपचार, क्यान्सर आदि) लागेका अवस्था भएको तर गरिबी र विपन्नतामा कारण पारिवारिक आर्थिक श्रोत नभएको, उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा ५ हजार देखी १० हजार सम्म दफा ५ अनुरुपको तोक आदेशबाट उपलब्ध गराउन सकिनेछ | तर सो भन्दा बढी ३० हजार सम्म सहयोग गर्नुपर्ने अवस्था आएमा नगरकार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्नेछ " भन्ने वाक्यांशको सट्टा " नगरबासीहरु मध्ये मृगौला प्रत्यारोपण गरेका, डाइलोसीस गर्नुपर्ने, मुटु रोगी, क्यान्सर रोगी, मेरुदण्ड पक्षघात, सिकलसेल भएका, आई.सी.यु. र भेन्टीलेटरमा रहेका बिरामी व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाई यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पुरा गरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगर प्रमुखबाट रु. ५,०००/- पांच हजार मात्र सम्म नगद वा सो रकम बराबरको जिन्सी सहायता गर्न सकिनेछ | तर सो भन्दा बढी रकमको लागि नगर

कार्यपालिकाको बैठकको निर्णय अनुसार बढीमा रु.तीस हजार सम्मको मात्र सहयोग उपलब्ध गराउन सकिनेछ ।" भन्ने वाक्यशं राखिएको छ |

(४) कार्यविधिको दफा नं.४ को अन्त्यमा प्रतिबंधात्मक वाक्यांश थपिएको छ

"दफा ४ मा जुन सुकै कुरा लेखिएको भए तापनि नगर प्रमुखको तोकआदेशमा रु. पांच हजार सम्म र सो भन्दा बढी रकमको लागी नगर कार्यपालिकाको निर्णय अनुसार रु. पन्ध्र हजार सम्म सहयोग प्रदान गर्न सकिनेछ ।" भन्ने वाक्यांश थप गरिएको छ |

आज्ञाले,
लक्ष्मण बहादुर कठायत
प्रमुख प्रशासकीय अधिकृत